नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल
(.............................................शाखा)

प.सं.:
च.नं.:

## प्रेस विज्ञप्ति

"Different contexts, common Aspirations/ भिन्न परिवेश, साझा आकांक्षा"

आजबाट नेपाललगायत विश्वभर सप्ताव्यापी रूपमा अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाइदैंछ। सन् १९९८ अगस्ट ८ देखि १२ तारिखसम्म संयुक्त राष्ट्रसंघको समन्वयमा पोर्चुगलको राजधानी लिसवनमा विश्वका १४० देशका युवा मामिला हेर्ने मन्त्रीज्यूहरूको सहभागितामा विश्व युवा सम्मेलन आयोजना भएको थियो । यस सम्मेलनमार्फत् आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिवद्धता जनाउँदै युवा सशक्तिकरणका पक्षमा ८८ वुदे लिसवन घोषणापत्र जारी गरेको दिनको महत्वलाई कायम राख्दै सन् २००० बाट संयुक्त राष्ट्रसंघको आह्वानमा अगष्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने अभ्यास रहेको छ। नेपालमा सन् २००४ मा पहिलो पटक युवा संस्थाहरूको सामुहिक पहलमा अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको थियो। राष्ट्रिय युवा परिषद्को स्थापना भएपछि युवालक्षित नीति तथा कार्यक्रमहरूको निर्माण र कार्यान्वयनका लागि वहस, पैरवी , समन्वय तथा साझेदारीको संस्थागत नेतृत्व सरकारी निकायका रूपमा रहेको यस परिषदबाट हुँदै आएको छ। अन्तर्राष्ट्रिय युवा दिवस २०२६ का लागि *"Different contexts, common Aspirations"* अर्थात् "भिन्न परिवेश, साझा आकांक्षा" भन्ने आदर्श वाक्य रहेको छ ।

अन्तर्राष्ट्रिय युवा दिवसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा युवा केन्द्रित वहस पैरवी गर्ने, नीति निर्माण तथा कार्यान्वयनमा युवा सहभागिता, साझेदारी एवम् लगानी अभिवृद्धि गर्ने, युवामैत्री शासन प्रवर्धन गर्न सहयोग गर्ने र युवा केन्द्रित सरकारी र गैर सरकारी संस्था /निकायहरू बीच सहकार्य र साझेदारी अभिवृद्धि गर्ने उद्देश्यसहित मनाउने गरिन्छ। अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ आज अगस्ट ६ देखि १२ तारिख तदनुसार साउन २१ देखि २७ गतेसम्म सप्ताहव्यापी रूपमा मनाउन आजबाट प्रारम्भ भएको छ। राष्ट्रिय युवा परिषदबाट मुलुकका सबै प्रदेश सरकार, स्थानीय तहहरू तथा युवा सम्बद्ध संघसंस्था र अभियन्तालाई रचनात्मक कार्यक्रमसहित यो दिवस मनाउन लिखित पत्राचारसहित सार्वजनिक आह्वान भैसकेको सन्दर्भमा आआफ्नो स्थान र भूमिकाअनुसार यस दिवसको उद्देश्यलाई सार्थक बनाउन अनुरोध छ।

अन्तराष्ट्रिय युवा दिवस २०२६का अवसरमा मुलुकभर आयोजित सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन साउन २७ गते नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा मूल समारोह आयोजना हुँदैछ। "नेपालमा युवा उद्यमशीलता र रोजगारी प्रवर्द्धन" विषयमा उच्चस्तरीय प्यानल छलफल, मुलुकभरबाट छानिएका १२ ओटा सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी, युवा जागरण दौड र रक्तदान कार्यक्रमसहित विहानैदेखि प्रारम्भ हुने सो समारोहमा समेत सहभागी हुन सबैलाई अनुरोध गर्दछु ।

मिति २०८३ साउन २१

गेहनाथ गौतम
नि. प्रशासकीय प्रमुख एवम्
संयोजक, अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ आयोजक सचिवालय

वेवसाइट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष),